
Vol.04 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

GOCA

2019.10



## “OTA फुरेआइ फेस्ता 2019” को आयोजना गरिंदैछ!

ओता सहरको सबैभन्दा ठूलो इभेन्ट ”OTA फुरेआइ फेस्ता 2019” को आयोजना हुँदैछ। यो परिवारले दिनभरि रमाइलो गर्न सक्ने इभेन्ट हो! आफ्नो साथी-सँगिनीहरूलाई पनि लिएर अवश्य पनि रमाइलो गर्न आउनुहोस्!






### यो सालको विषयवस्तु

आगामी वर्ष हुन गइरहेको “टोक्यो 2020 ओलम्पिक तथा प्यारा ओलम्पिक” लाई मध्यनजर गर्दै शीर्ष खेलाडीहरूको स्टेज इभेन्ट गरिनेछ। साथै ओता सहरमा आयोजना गरिने “हक्की” खेलको अनुभव गर्न सकिने कार्यक्रम पनि हुनेछ।

*विवरणहरू परिवर्तन हुन पनि सक्छ।

| | |
|---|---|
| कहिले | 2019 साल नोभेम्बर 2 तारिख (शनिबार), 3 तारिख (आइतबार)<br>10:00 am ~ 4:00 pm<br>सिमसिम पानी परेपनि कार्यक्रम हुनेछ, मौसम खराब भएमा रद्द गरिनेछ |
| शुल्क | निशुल्क |
| सम्पर्क | संस्कृति प्रवर्द्धन शाखा, सांस्कृतिक कार्यक्रम जिम्मेवार कर्मचारी<br>☎ 03-5744-1226　FAX 03-5744-1539 |
| कहाँ | सबै गरेर 4 वटा कार्यक्रमस्थलहरू<br>● पानीको क्षेत्र (बोटरेस हेइवाजिमा, ओता सहर हेइवाजिमा 1-1-1)<br>हिरो-सो तथा विभिन्न क्षेत्रहरूका विशेष उत्पादनहरू बिक्री गरिनेछ। मिकोसी परेड पनि गरिनेछ।<br>● सूर्यको क्षेत्र (हेइवाजिमा कोउएन, ओता सहर हेइवाजिमा 4-2-2)<br>यो खेलकुदको अनुभव, एथलेटिक्स जस्ता गतिविधिहरू गरेर रमाइलो गर्न सकिने क्षेत्र हो। यहाँ दमकल आदि पनि प्रदर्शनको लागि राखिनेछ।<br>● हरियो क्षेत्र (हेइवा-नो-मोरी कोउएन्, ओता सहर हेइवा-नो-मोरी कोउएन् 2-1)<br>यो “वातावरण” लाई विषयवस्तुको रूपमा लिएर बनाइएको क्षेत्र हो।<br>फ्रि-मार्केट तथा बिरूवा बजार पनि हुनेछ।<br>● फुरुसातोको समुद्री किनार क्षेत्र (ओमोरी फुरुसातो-नो-हामाबे कोउएन् फुरुसातो-नो-हामाबे कोउएन् 1-1)<br>विभिन्न देशहरूको खानेकुरा आदिको बुथ र अन्तर्राष्ट्रिय आदानप्रदान स्टेज पनि हुनेछ। समुद्री किनारमा “बिच स्पोर्टस् (समुद्री किनारमा खेलिने खेलहरू)” खेलेर खेलको अनुभव गर्न पनि सकिनेछ। |

## संसारबारे थाहा पाउने वर्कसप

बिहानको समय र अपराह्न गरेर 2 पटक, विभिन्न भाषाहरूमा चित्र पुस्तक पढेर सुनाउने र हस्तकला आदिको वर्कसप पनि गरिनेछ। विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।





| | |
|---|---|
| कहिले | 2019 साल नोभेम्बर 2 तारिख (शनिबार)<br>①11:00 am ~ 12:00 pm<br>②1:30 pm ~ 2:30 pm |
| कहाँ | ओमोरी नोरी-नो-फुरुसातो खान (OTA फुरेआइ फेस्ता 2019 फुरुसातोको समुद्री किनार क्षेत्र) |
| शुल्क | निशुल्क |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981　FAX 03-6410-7982<br>E-mail　info@ota-goca.or.jp<br>URL　https://www.ota-goca.or.jp/ |
| कति जना | ①30 जना ②20 जना (पहिले आउनेलाई प्राथमिकता दिइनेछ)<br>प्राथमिक विद्यालयको विद्यार्थी भन्दा साना बालबालिकाहरूले भाग लिन सक्ने। अग्रिम रूपमा आवेदन दिनुपर्नेछ तर तोकिएको सङ्ख्या नपुगेको खण्डमा, कार्यक्रमको दिन पहिले आउनेलाई प्राथमिकता दिइनेछ। बालबालिकाको अभिभावक पनि सँगै आउन सक्नुहुनेछ। (बालबालिकासँग आउने व्यक्तिलाई तोकिएको सङ्ख्यामा गन्ती गरिनेछैन) |
| आवेदन दिने तरिका | संघको HP मा राखिएको आवेदन फारमद्वारा आवेदन दिनुहोस्। अथवा पर्चाको पछाडि भएको आवेदन फाराम FAX गर्ने, लिएर जाने वा E-mail मा पठाउनुहोस्। आवेदन फाराम HP बाट डाउनलोड गर्न सकिन्छ।<br>आवेदन दिने अन्तिम मिति: अक्टोबर 23 तारिख (बुधबार) |

## 2020 साल अप्रिलदेखि अनुमति प्राप्त नर्सरीमा भर्नाको लागि आवेदन लिन सुरु गरिन्छ

अनुमति प्राप्त नर्सरीमा 2020 साल अप्रिल 1 तारिख भर्नाको प्राथमिक चयन प्रक्रियाको लागि आवेदन दिने अवधि, अक्टोबर 1 तारिख (मंगलबार) देखि नोभेम्बर 29 तारिख (शुक्रबार) सम्म हो।
2019 साल नोभेम्बर 15 तारिख (शुक्रबार) देखि 2020 साल फेब्रुअरी 18 तारिख (मंगलबार) भित्र जन्म भएको शिशुलाई भर्ना गर्नको लागि आवेदन दिने म्याद 2020 साल जनवरी 6 तारिख (सोमबार) सम्म हो। हरेक आवेदन म्याद पछि पनि आवेदन लिइन्छ तर प्राथमिक चयन प्रक्रियामा भने समावेश गरिनेछैन।
विस्तृत जानकारीको लागि, "भर्ना आवेदन सम्बन्धी जानकारीपत्र" हेर्नुहोस्। (आवेदन लिइने ठाउँमा वितरण गरिन्छ। साथै ओता सहरको HP मा पनि उपलब्ध छ)।

### कस्तो व्यक्तिले भर्ना गराउन सक्छ

रोजगार (काम खोजिरहेको स्थितिमा पनि सम्भव) , रोग, प्रसूति, वृद्धवृद्धा वा बिरामीको स्याहार तथा नर्सिङ, अध्ययन आदिको कारणले गर्दा घरमा शिशुको हेरचाह गर्न नसक्ने अभिभावक

### शिशु स्याहार बिदा पछि भर्नाको लागि नाम लेखाउने प्रणाली

0 वर्षको क्लासमा भर्न गर्नको लागि नाम लेखाउन सकिने प्रणालीको व्यवस्था छ।

### आवेदन दिने अवधि

- 2020 साल पहिलो चरण
  अक्टोबर 1 तारिख (मंगलबार)~अक्टोबर 21 तारिख (सोमबार)
  <2019 साल अप्रिल 2 तारिखदेखि 2019 साल अक्टोबर 1 तारिखसम्ममा जन्मेका शिशुहरू>
- 2020 साल पछिल्लो चरण
  2020 साल अप्रिल 1 तारिख (बुधबार)~अप्रिल 20 तारिख (सोमबार)
  <2019 साल अक्टोबर 2 तारिखदेखि 2020 साल अप्रिल 1 तारिखसम्ममा जन्मेका शिशुहरू >

विस्तृत जानकारीको लागि, "भर्ना आवेदन सम्बन्धी जानकारीपत्र" हेर्नुहोस्।

### आवेदन दिने तरिका

आवश्यक कागजातहरू लिएर आवेदन लिइने ठाउँमा जानुपर्ने (हुलाक मार्फत पठाउन सकिनेछैन)
*क्षेत्रीय कार्यालयमा कागजात पेस गर्न मात्र सकिनेछ। विस्तृत परामर्शको लागि ओता सहरको मुख्य कार्यालयको "नर्सरी सेवा शाखा" मा सम्पर्क गर्नुहोस्।
*नर्सरी सेवा शाखामा शनिबार र आइतबार सेवा उपलब्ध गराइन्छ। अक्टोबर 26 तारिख (शनिबार), नोभेम्बर 17 तारिख (आइतबार) 9:00 am ~ 4:00 pm नर्सरी परामर्श सेवा पनि दिइन्छ।

### आवेदन लिइने ठाउँ

नर्सरी सेवा शाखा, नर्सरी प्रयोग सहायता जिम्मेवार कर्मचारी
प्रत्येक क्षेत्रीय कार्यालयको समाज कल्याण शाखा परामर्श कर्मचारी ☎03-5744-1280

| | |
|---|---|
| * ओमोरी ओमोरी-निसी 1-12-1 | ☎03-5843-1028 |
| * च्योफु युकिगाया-ओचुका 4-6 | ☎03-3726-0791 |
| * कामाता कामाता होन्च्यो 2-1-1 | ☎03-6715-8800 |
| * कोजिया•हानेदा हिगासी-कोजिया 1-21-15 | ☎03-3741-6521 |

**सम्पर्क**
**नर्सरी सेवा शाखा, नर्सरी प्रयोग सहायता**
**☎ 03-5744-1280 FAX 03-5744-1715**
**URL https://www.city.ota.tokyo.jp/seikatsu/kodomo/hoiku**

## आर्थिक वर्ष 2020 को "विद्यालय पछि बालबालिकाको हेरचाह" प्रयोगको लागि दिनुपर्ने आवेदन सम्बन्धी जानकारी दिइनेबारे

2020 साल अप्रिल देखि "विद्यालय पछि बालबालिकाको हेरचाह" प्रयोग गर्न इच्छुक अभिभावकहरूको लागि "विद्यालय पछि बालबालिकाको हेरचाह" प्रयोग गर्नको लागि दिनुपर्ने आवेदनबारे जानकारी प्रदान गरिन्छ।

### जानकारी लिन पाउने व्यक्ति

2020 साल अप्रिलदेखि "विद्यालय पछि बालबालिकाको हेरचाह" प्रयोग गर्न इच्छुक व्यक्तिहरू
*अक्टोबर 18 तारिख (शुक्रबार) देखि सबै बालबालिका हेरचाह सुविधाहरूमा "विद्यालय पछि बालबालिकाको हेरचाहको जानकारीपत्र" वितरण सुरु गरिने योजना छ।
*"विद्यालय पछि बालबालिकाको हेरचाह" को लागि आवेदन लिइने अवधि: नोभेम्बर 6 तारिख (बुधबार)~डिसेम्बर 4 तारिख (बुधबार)।

### कहिले

अक्टोबर 18 तारिख (शुक्रबार) देखि नोभेम्बर 2 तारिख (शनिबार) सम्म सबै "विद्यालय पछि बालबालिकाको हेरचाह" गरिने सुविधाहरूमा जानकारी प्रदान गरिनेछ। मिति र समयको लागि सम्बन्धित बालबालिका हेरचाह सुविधामा सम्पर्क गर्नुहोस्। ओता सहरको होमपेजमा पनि हेर्न सकिनेछ।

### कहाँ

सबै बालबालिका हेरचाह सुविधाहरू

### आवेदन दिने तरिका

भाग लिनको लागि आवेदन दिनु नपर्ने

**सम्पर्क**
**बाल सेवा सहायता शाखा, बाल सेवा सहायता जिम्मेवार कर्मचारी**
**☎ 03-5744-1273 FAX 03-5744-1525**

## ओता स्वस्थ पोइन्ट कार्यक्रम

ओता सहरमा बसोबास गर्ने वा काम गर्ने 18 वर्ष वा सोभन्दा बढीको व्यक्तिहरूले स्मार्ट फोन प्रयोग गरी नियमित रूपमा स्वास्थ्यकर क्रियाकलाप गर्ने, स्वास्थ तथा खेलकुद सम्बन्धित कार्यक्रममा भाग लिने, स्वास्थ्य परीक्षण गराउने आदि गरेमा पोइन्ट प्राप्त गरी, गोलाप्रथाद्वारा उपहारसँग साट्न सकिनेछ। कागजको स्वास्थपत्र (दाइसी) प्रयोग गरेर पनि सहभागी हुन सकिनेछ। यसो गरेमा रमाइलोसँग स्वास्थ्यकर क्रियाकलपहरू गर्न सकिन्छ। एप्लिकेसन नि:शुल्क डाउनलोड गर्न सकिन्छ।

साथै स्मार्ट फोनमा स्वस्थ रहनको लागि उपयोगी जानकारी पनि पठाइनेछ।




एप्लिकेसनको प्रयोगद्वारा स्वास्थ्यकर क्रियाकलाप गर्न सहयोग!

### कहिले

डिसेम्बरमा सुरु गरिने योजना

### आवेदन दिने तरिका र आवेदन लिइने ठाउँ

नोभेम्बर तिर ओता सहरको HP आदिमा जानकारी उपलब्ध गराइनेछ।

सम्पर्क

**स्वास्थ्य प्रवर्द्धन शाखा**

**☎ 03-5744-1661 FAX 03-5744-1523**

**E-mail kenko@city.ota.tokyo.jp**

## जापानी भाषा क्लास “विद्यालयबाट पठाइएका कागजात पढौं”

यो जापानी भाषाको क्लासमा विद्यालयबाट पठाइने कागजात पढ्न सक्षम हुनको लागि जापानी भाषा पढाइन्छ। प्राथमिक विद्यालयको “गाकुनेन-दायोरी ” र “विद्यालय गतिविधि सम्बन्धी सूचना” लाई पढ्ने सामग्रीको रूपमा प्रयोग गरी, विद्यालयमा प्रयोग गरिने शब्दको पढ्ने तरिका, अर्थ र महत्त्वपूर्ण भाग पत्ता लगाउने तरिका सिकाइन्छ। जापानको विद्यालयमा गरिने कुराहरू र विद्यालयको गतिविधि बारे पनि जान्न सकिने हुनाले, निकट भविष्यमा प्राथमिक विद्यालयमा जाने बालबालिका भएका अभिभावकहरूले नछुटाईकन भाग लिनुहोस्।

### कहिले

2019 साल अक्टोबर 21 तारिख, 28 तारिख, नोभेम्बर 11 तारिख, 18 तारिख, 25 तारिख (सोमबार) 10:00 am ~ 12:00 pm (कुल 5 पटक)

### कहाँ

अन्तर्राष्ट्रिय सहर ओता संघको मिटिङ रुम (ओता सहर सान्नो 2-3-7 ओमोरी माचिजुकुरी सुइसिन सिसेचु)

### शुल्क

निशुल्क

### कति जना

15 जना (पहिले आउनेलाई प्राथमिकता दिइनेछ)

ओता सहरमा बसोबास गर्ने विदेशी अभिभावक। हिरागाना, काताकाना पढ्न सक्ने व्यक्ति। जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्ति।

### आवेदन दिने तरिका

संघको HP मा राखिएको आवेदन फारामद्वारा आवेदन दिनुहोस्। अथवा पर्चाको पछाडि भएको आवेदन फाराम FAX गर्ने, लिएर जाने वा E-mail मा पठाउनुहोस्। आवेदन फाराम HP बाट डाउनलोड गर्न सकिन्छ।

सम्पर्क

**(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ**

**☎ 03-6410-7981 FAX 03-6410-7982**

**E-mail info@ota-goca.or.jp**

**URL https://www.ota-goca.or.jp/**

## तपाईंले निवासी कर भुक्तानी गरिसक्नुभयो?

तेस्रो चरणको विशेष सहर कर र महानगरपालिका कर (निवासी कर) को भुक्तानी म्याद अक्टोबर 31 तारिख हो। भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चौथो चरणको भुक्तानी म्याद रेइवा 2 साल जनवरी 31 तारिख हो। नबिर्सिकन भुक्तानी गर्न अनुरोध गर्दछौं। भुक्तानी सम्बन्धी सल्लाहको लागि ओता सहरको होमपेज हेर्नुहोस्।

सम्पर्क

**कर भुक्तानी शाखा**

**☎ 03-5744-1205 FAX 03-5744-1517**

# “जापानी भाषामा वक्तृत्वकला प्रतियोगिता” हेर्न आउनुहोस् (दर्शक-श्रोता चाहिएको छ)

ओता सहरमा बसोबास गर्ने, काम गर्ने वा अध्ययन गर्ने विदेशी नागरिकहरूले जापान बसोबासको क्रममा महसुस गरेको कुराहरू जापानी भाषामा प्रस्तुत गर्नुहुन्छ। विदेशी नागरिकहरूले के-कस्ता कुराहरू विचार गरी, कस्तो सपना लिएर जापानमा बसोबास गरिरहेका छन्, जान्नको लागि वक्तृत्वकला सुन्न चाहनुहुन्न? वक्तृत्वकलामा भाग लिने वक्ताहरू र दर्शक-श्रोता बिच आदानप्रदान गर्ने समय पनि हुनेछ। संकोच नमानिकन कार्यक्रम स्थानमा आउनुहोस्।



| | |
|---|---|
| कहिले | 2019 साल डिसेम्बर 1 तारिख (आइतबार)<br>1:30 pm ~ 4:00 pm |
| कहाँ | ओता कुमिन हल, आप्रिको तेन्जीसिचु (ओता सहर कामाता 5-37-3) |
| शुल्क | निशुल्क |
| आवेदन दिने तरिका | सिधै कार्यक्रम स्थानमा आउनुहोस्। |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail info@ota-goca.or.jp<br>URL https://www.ota-goca.or.jp/ |

# सानो अन्तर्राष्ट्रिय सहयोग



हामी तपाईंहरूको वरपर भएका अनावश्यक कुराहरू जम्मा गरी, अन्तर्राष्ट्रिय सहयोग गर्ने गतिविधि गरिरहेका छौं।
जम्मा भएका चिजहरू अन्तर्राष्ट्रिय सहयोग गतिविधि गर्ने संगठनलाई हस्तान्तरण गरी, एसिया र अफ्रिकाका विकासशील देशहरूका दु:ख पाइरहेका मान्छेहरूलाई सहयोग गर्नको लागि उपयोग गरिन्छ।
घरमा नचाहिने भएका चिजहरू वा प्रयोग नगरिकन राखिएका चिजहरू भएमा, फोहोरको रूपमा नष्ट गर्नु अगाडि हामीलाई दिनुहोस्। कृपया सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।

### हामीले जम्मा गरिरहेको चिजहरू

प्रयोग गरिसकेको हुलाक टिकट, लेख्दा गल्ती भएका पोस्टकार्ड, विदेशको कोइन आदि

### सहयोग गर्ने तरिका

हामीलाई सम्पर्क गरी, लिएर अउनुहोस् वा हुलाक मार्फत पठाउनुहोस्। पठाउने बेला केही कुराहरूमा ध्यान दिनुपर्ने हुनाले, HP हेर्नुहोस्।

### चन्दा रकम हस्तान्तरण संगठनहरू

- गैर नाफा संघ गुड नेबर्स् जापान (GNJP)
  URL http://www.gnjp.org/
- सार्वजनिक औध्योगिक समूहको संस्था जापान क्रिश्चियन धर्म प्रवास चिकित्सा सहयोग संघ (JOCS)
  URL http://www.jocs.or.jp/

**सम्पर्क**

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
ठेगाना 〒143-0023 ओता सहर, सान्नो 2-3-7 ओमोरी शहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail info@ota-goca.or.jp URL https://www.ota-goca.or.jp/

**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय सहर ओता संघले “Ota City Navigation” प्रकाशन गर्नेछ।**
प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघन
〒143-0023 ओता वडा, सान्नो 2-3-7 ओमोरी सहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎ 03-6410-7981 FAX 03-6410-7982 URL https://www.ota-goca.or.jp/

इमेल मार्फत तपाईंको राय वा आफूलाई लागेको कुरा पठाउनुहोस्।
E-mail info@ota-goca.or.jp